२

# नेपाल उद्योग वाणिज्य महासंघको
# ५४ औं वार्षिक साधारण सभाको अवसरमा
# हुने निर्वाचन कार्यक्रम सम्वन्धी
# निर्वाचन समितिबाट जारी
# सूचना

नेपाल उद्योग वाणिज्य महासंघको ५४ औं वार्षिक साधारण सभा मिति २०७७साल साउन २६ र २७ गते हुने भनि मिति २०७७ असार २१ गते प्रकाशित महासंघको सूचना बमोजिम मिति २०७७ साल साउन २७ गते हुने कार्यकारिणी समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन सम्बन्धि कार्यतालीका महासंघका सवै सदस्य संघ/संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

| | | |
|---|---|---|
| १. | उम्मेद्वारहरूको मनोनयन पत्र दाखिला | मिति २०७७/३/२१ देखि २०७७/४/१८ गते सांझ ५:०० बजेसम्म |
| २. | मतदान गर्न पाउने सदस्यहरुको पहिलो नामावली प्रकाशन | मिति २०७७/४/१७ गते सांझ ६:०० बजे |
| ३. | मतदान गर्न पाउने सदस्यहरुको नामावली उपर दावी विरोध | मिति २०७७/४/१८ गते विहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| ४. | मतदान गर्न पाउने सदस्य विरुद्ध परेको दावि विरोध उपर छानविन गरी संसोधित दोस्रो नामावली प्रकाशन | मिति २०७७/४/१८ गते ५:०० बजे |
| ५. | उम्मेद्वारको पहिलो नामावली प्रकाशन | मिति २०७७/४/१८ गते सांझ ६:०० बजेसम्म |
| ६. | सक्कल कागजात प्राप्त भए पश्चात सो प्रमाणहरुको आधारमा उम्मेद्वारहरुको दोश्रो नामावली प्रकाशन | मिति २०७७/४/१९ गते विहान ११:०० बजे |
| ७. | उम्मेद्वारी मनोनयन पत्र उपरको दावि विरोध | मिति २०७७/४/१९ गते विहान ११:३० बजेदेखि दिउंसो २:०० बजेसम्म |
| ८. | मनोनयन पत्र उपर परेको दावि विरोध उपर छानविन र सो पश्चात उम्मेद्वारीहरुको तेस्रो नामावली प्रकाशन | मिति २०७७/४/१९ गते सांझ ५:०० बजे |
| ९. | मतदान गर्न पाउने प्रतिनिधिकोनामावली प्रकाशन | मिति २०७७/४/२६ गते विहान ११:०० बजे |
| १०. | मतदान गर्न पाउने प्रतिनिधि उपरको दावि विरोध र छानविन एवं निर्णय | मिति २०७७/४/२६ गते विहान ११:३० बजेदेखि अपरान्ह १:३० बजेसम्म |
| ११. | मतदान गर्न पाउने प्रतिनिधिहरुको दावि विरोध माथि निर्णय पश्चात अन्तिम नामावली प्रकाशन | मिति २०७७/४/२६ दिनको ३:०० बजे |
| १२. | उम्मेद्वारले मनोनयन फिर्ता लिने | मिति २०७७/४/२० गते विहान ११:०० बजे देखि मिति २०७७/४/२२ गते दिउँसो ३:०० बजेसम्म |

| | |
|---|---|
| १३. उम्मेद्वारको अन्तिम नामावली प्रकाशन | मिति २०७७/४/२२ गते दिउंसो ५:०० बजे |
| १४. निर्वाचन | मिति २०७७/४/२७ गते विहान ८:३० बजेदेखि दिउंसो १२:३० बजेसम्म |
| १५. मत गणना | मतदान समाप्त भएपछि |
| १६. निर्वाचन नतिजाको घोषणा | मतगणना समाप्त भएपछि |

नोटः १. मतदाता सूचिमा समावेश भएका तर तोकिएको मितिसम्म नविकरण गर्न नभ्याउने संघ/संस्थालाई नविकरण दस्तुर बुझाई आ. व २०७६/०७७ सम्मको नविकरण गर्ने समय मिति २०७७ साल श्रावण २६ गते बिहान १०:०० बजेसम्म कायम गरिएको छ । सो समयसम्म पनि नविकरण नगर्ने सदस्य संघ/संस्थाले मतदाता सूचीमा नाम भए पनि मतदानमा भाग लिन पाउने छैन ।

२. माथि प्रकरण नम्बर १ देखि ९ सम्मको निर्वाचन कार्यक्रम महासंघको सचिवालय, टेकु, काठमाडौंमा र प्रकरण नं. १० देखि १६ सम्मको निर्वाचन कार्यक्रम महासंघको साधारण सभा हुने स्थान हेरिटेज गार्डेन सानेपा, ललितपुरमा हुने छ ।

३. प्रकाशीत कार्यक्रम अनुसारको समयमा कुनै प्राविधिक कारणले तेकिएको कार्य सम्पन्न हुन नसकेमा निर्वाचन समितिले तत्काल अर्को सूचना प्रकाशित गरि निर्वाचन कार्यक्रम हेर फेर गरी निर्वाचन कार्यक्रम सम्पन्न गरिने छ ।

४. उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा मनोनयन पत्रको साथमा देहाएका कागजातहरू अनिवार्य पेश गर्नुपर्ने छ :

क. संवन्धित संघ/सस्थाको तर्फबाट उम्मेदवारी मनोनयन गर्न चाहनेले संवन्धित संघ/संस्थाको कार्यकारिणी समिति/संञ्चालक समितिबाट उम्मेदवारी खडा गर्ने विषयमा भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

ख वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष एवं कार्यकारिणी समितिको पदमा उम्मेदवारी मनोनयन दर्ता गर्न चाहनेले महासंघको विधानको दफा ४६.१(ख)(ग) र दफा ४६.३(क) को (ऊ) वमोजिमको योग्यता रहेको देखिने कागजपत्रको प्रतिलिपि ।

ग. एशोसिएट सदस्यको तर्फबाट उम्मेदवारी दर्ता गर्न चाहनेले फोटो सहितको परिचयपत्र र मुख्य प्रतिनिधिको रूपमा छनोट भएको निर्णयको प्रतिलिपि ।

५. महासंघको विधानको दफा ३४ अनुसार कार्यकारिणी समिति सदस्यको देहायका पदाधिकारी र सदस्यको पदमा निर्वाचन गरिनेछ :

१. बरिष्ठ उपाध्यक्ष – १

२ उपाध्यक्षहरु – ३ जसमध्ये

क) उद्योग वाणिज्य संघ समूहबाट उपाध्यक्ष – १

ख) वस्तुगत संघ समूहबाट उपाध्यक्ष – १

ग) एशोसिएट सदस्य समूहबाट उपाध्यक्ष – १

निर्वाचन हुने कुल सदस्य संख्या ६० जसमध्ये देहाय बमोजिमका समूहबाट देहाय बमोजिमका समूहहरु निर्वाचित हुनेछन् :

क) महासंघको प्रत्येक प्रदेशतर्फबाट एक/एक जना गरी सदस्य ७ जना,।

ख) उद्योग वाणिज्य संघ तर्फबाट सदस्य १८ जना.।

ग) वस्तुगत संघ तर्फबाट सदस्य १४ जना ।

घ) एशोसिएटतर्फबाट सदस्य १९ जना ।

ङ). द्विराष्ट्रिय उद्योग वाणिज्य संघ तर्फबाट सदस्य १ जना

च). महासंघका संस्थापकहरु मध्येबाट १ जना ।

६. महासंघको निर्वाचन सम्बन्धमा यस निर्वाचन समितिबाट मिति २०७६/११/२३ गत प्रकाशित सूचना अनुसार भए गरेका वा सम्पन्न गरेका निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यहरु यसै सूचना अनुसार भए गरेको मानिनेछ ।

| | | |
|---|---|---|
| (रमण कुमार कर्ण) | (लिलामणि पौडेल) | (उपेन्द्र केशरी न्यौपाने) |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
| नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ |

मिति : २०७७ साल असार ..१६.. गते रोज ३...मा ।